मिति २०७७/४/२१ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ८४/२०७७ का निर्णयहरूः-

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/४४/२९८-२०७७/४/१८ को "औषधी उपचार खर्च" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्ताव र सो साथ संलग्न सम्पुर्ण कागजात सहितको सक्कलै फाइल सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने ।"

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३०/२९३-२०७७/४/१८ को "सुदूरपश्चिम प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ को मस्यौदा स्वीकृती" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम प्रदेश सभामा पठाउने।"

३. भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४०/२९४-२०७७/४/१८ को "सूदुरपश्चिम प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न प्रस्ताव स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४१/२९५-२०७७/४/१८ को "सुदूरपश्चिम प्रदेशको बीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृती" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४२/२९६-२०७७/४/१८ को "सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने र सो विधेयकलाई प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/५७/२९७-२०७७/४/१८ को "व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, धनगढी र महेन्द्रनगरको दरबन्दी स्विकृती" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रचलित कानून बमोजिम रा.प.तृतीय श्रेणी/अधिकृतस्तर सातौं तह सरहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको व्यक्ति केन्द्र प्रमुख रहने, यस प्रदेशका ९ वटै जिल्लाहरुमा घुम्ती तालिम संचालन गर्ने र चौमासिक रुपमा कार्यप्रगति प्रतिवेदन पेश गर्ने शर्तमा प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

७. नेपालको संविधानको धारा २४१ बमोजिम नेपालका महालेखा परीक्षकबाट धारा २९४ को उपधारा (३) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भएको सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन, २०७७ का सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत भएको विषयमा देहाय बमोजिम गर्नेः-

"नेपालको संविधानको धारा २४१ बमोजिम नेपालका महालेखा परीक्षकबाट धारा २९४ को उपधारा (३) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन, २०७७ लाई माननीय मुख्यमन्त्रीज्यूको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यू मार्फत प्रदेश सभामा शीघ्र पेश गरी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिने ।"

८. रजिष्ट्रेशन दस्तुर छुट सम्बन्धी माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत विषयमा देहाय बमोजिम गर्नेः-

"कर्मचारी सञ्चयकोषको मिति २०७७/४/१८, च.नं. ०७ को प्राप्त पत्रानुसार रजिष्ट्रेशन दस्तुर छुट गर्ने व्यवस्थाका लागि अनुरोध भै आएकोमा प्रचलित कानून बमोजिम श्री कृषि विकास बैंक लिमिटेडबाट कर्मचारी संचयकोषको नाममा जग्गा हक हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर वापत प्रदेश सरकारको हिस्साको रकम सुदूरपश्चिम प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन,२०७५, सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,२०७७ र कर्मचारी सञ्चयकोष ऐन,२०१९ मा रहेको प्रावधान बमोजिम छुट गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।"

२०७७/४/२१

प्रमुख सचिव